मिति २०८०।१२।३०

| कार्यपालिका बैठकका निर्णयहरु | | |
|---|---|---|
| क्र स | निर्णयको ब्यहोरा | जिम्मेवार निकाय |
| १ | गत कार्यपालिका बैठकका निर्णणयहरुको समीक्षा गरियो । कार्यन्यन्वयनमा आएका निर्णयहरुको प्रभावकारिता तथा नतिजा मुल्याङ्कन गर्ने र कार्यन्वयनमा आउन नसकेका निर्णयहरुलाई तत्काल कार्यन्वयनमा लैजाने । | प्रमुख प्रशासकीय अधिकृत |
| २ | जाजरकोट केन्द्रविन्दु भई गएको विनाशकारी भुकम्पले जनजीवनमा ब्यापक रुपमा नैराश्यता दिग्दारीपन सामाजिक बेचैनी तनाव तथा कष्टपुर्ण दैनन्दिनी बितिरहेको सन्दर्भमा नव बर्ष २०८१ ले सानीभेरी गाउँपालिकाका सम्पुर्ण दाजुभाई दिदिबहिनी शिक्षक कर्मचारी जनप्रतिनिधि ब्यापारी किसान विद्यार्थी स्वदेश तथा विदेशमा रहुनहुने सानीभेरीबासीहरु लगायत सम्पुर्ण नेपालीहरुमा नयाँ उर्जा उमंग जोस जागर सहित सरकारत्मक सोचले नयाँ सिर्जना गर्ने प्रेरणा मिलोस हार्दिक शुभकामना सहित शुभेच्छा प्रकट गर्ने । | अध्यक्ष |
| ३ | शिक्षा समितिका निर्णय तपशिल बमोजिम कार्यान्वयन गर्न ।<br>**निर्णय नं. १:** (क) आधारभूत तह उत्तिर्ण परिक्षा (कक्षा-८) को वार्षिक परिक्षाको नतिजा प्रकाशन गरियो ।<br>(ख) परिक्षामा अनुत्तिर्ण परिक्षार्थीलाई प्रत्येक विषयमा ५अंक ग्रेस दिने निर्णय गरियो ।<br>(ग) कुनै २ विषयमा अनुत्तिर्ण विद्यार्थीको ग्रेडवृद्धि परिक्षा मिति २०८० साल वैशाख १२ र १३ गते सञ्चालन गर्ने।<br>(घ) ग्रेडवृद्धि परिक्षाको परीक्षा केन्द्र श्री राप्ती ज्ञानोदय मा.वि. सिम्लीमा सञ्चालन गर्ने।<br>**निर्णय नं. २:** शैक्षिक सत्र २०८०को वार्षिक परीक्षाको देहायबमोजिम समीक्षा गरियो।<br>१) परीक्षामा संलग्न सम्वन्धित सबैलाई धन्यवाद प्रकट गर्ने। | सम्पुर्ण विद्यायहरु कार्यपालिका सदस्यहरु र कर्मचारीहरु |

२) परीक्षा सञ्चालनमा भएका सवल पक्षहरुलाई आगामी दिनहरुमा निरन्तरता दिने।

३) अनुगमनको क्रममा देखिएका कमिकमजोरीहरुलाई आगामी दिनमा सुधार गर्ने।

४) परीक्षा सञ्चालनमा केन्द्राध्यक्ष, निरीक्षक, प्र.अ. र शिक्षकहरुलाई जिम्मेवार बनाउने ।

५) पाठ्यक्रममा भएका विषयवस्तुलाई समयमै शिक्षण गर्ने प्रवन्धको लागि प्र.अ. र शिक्षकहरुलाई जिम्मेवार बनाउने।

**निर्णय नं. ३ :**शिक्षा विकास तथा समन्वय इकाइ रुकुम(पश्चिम) बाट स्थायी नियुक्ति भई यस गाउँपालिकामा सिफारीस भएका तपशिल बमोजिमका शिक्षकहरुलाई पदस्थापन गर्ने कार्यालयको मिति २०८०।१२।२७ गतेको निर्णयलाई अनुमोदन गर्ने।

| क्र.सं. | शिक्षकको नाम | पदस्थापन गरिएको विद्यालय |
|---|---|---|
| १ | टिका खड्का विष्ट | श्री शिव मावि काफलबोट |
| २ | विर बहादुर पुन | श्री शितल मावि पक्रैया |
| ३ | नर बहादुर नकाल | श्री कालिका आवि फुक्रु |

**निर्णय नं. ४:** शैक्षिक सत्र २०८१ को विद्यार्थी भर्ना अभियान “सबै वालवालिकाको विद्यालयमा सहभागिता, गुणस्तरीय शिक्षाको सुनिश्चितता” भन्ने आदर्श वाक्यका साथ विद्यालय उमेर समूहका सबै वालवालिकालाई विद्यालय भर्ना गरी सञ्चालन गर्ने।साथै यस सम्बन्धमा शिक्षा शाखाको च.नं. १७२ मिति २०८०।१२।२७ गतेको पत्रलाई पूर्ण रुपमा कार्यान्वयन गर्ने।

**निर्णय नं. ५:** शैक्षिक सत्र २०८१ को आधारभूत तह (कक्षा १-३) को निरन्तर विद्यार्थी मूल्याङ्कन पुस्तिका छपाई गर्ने।यसको लागि आवश्यक बजेटको व्यवस्थापन गाउँपालिका बाट गर्ने।

**निर्णय नं. ६:** सानीभेरी गाउँपालिका अन्तर्गतका तपशिल बमोजिमका विद्यालयमा कार्यरत शिक्षकहरुलाई तपशिल बमोजिम काज फिर्ता गर्ने तथा काजमा खटाउने।

तपशिलः

| क्र.सं. | शिक्षकको नाम | कार्यरत विद्यालय | काज फिर्ता गरिएको विद्यालय |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १ | पूर्ण बहादुर ओली | श्री भेरी दोभान मावि चाइनाबगर | श्री बालज्योती मावि गिठाकोट |
| २ | पूर्भान वि.क. | श्री बालज्योती मावि गिठाकोट | श्री भेरी दोभान मावि चाइनाबगर |
| ३ | चुडामणी वुढाथोकी | श्री सानीभेरी मावि बलिबाङ | श्री कालिका आवि इजर |

**काज खटाइएको**

| क्र.सं. | शिक्षकको नाम | कार्यरत विद्यालय | काज खटाइएको विद्यालय |
|---|---|---|---|
| १ | लक्ष्मी मल्ल | श्री कालिका आवि इजर | श्री नवचन्द्रज्योती आवि गारछाला |
| २ | शेर बहादुर चन्द | श्री नवचन्द्रज्योती आवि गारछाला | श्री सानीभेरी मावि बलिबाङ |

**निर्णय नं ७:** श्री बालज्योती मा.वि. गिठाकोटको प्र.अ.मा प्राथमिक तह द्वितीय श्रेणीका स्थायी शिक्षक श्री झरणा पुन, श्री भेरीदोभान मा.वि चाइनाबगरको प्र.अ. मा प्राथमिक तह तृतीय श्रेणीका स्थायी शिक्षक श्री भुपेन्द्र ओली, श्री कालिका आवि इजरको प्र.अ. मा प्राथमिक तह राहत अनुदान कोटाका शिक्षक श्री सिता शर्मा, श्री नवचन्द्रज्योती आवि गारछालाको प्र.अ. मा प्राथमिक तह राहत अनुदान कोटाका शिक्षक श्री लक्ष्मी मल्ल र श्री जनसहयोग आवि माथिल्लो आमडाँडाको प्र.अ. मा प्राथमिक तह तृतीय श्रेणीका स्थायी शिक्षक श्री नरदेव रिजाललाई खटाउने।

**निर्णय नं. ८:** सानीभेरी गाउँपालिका अन्तर्गतका विद्यालयहरुलाई विद्यालय समायोजन, दरवन्दी मिलान तथा प्रधानाध्यापक व्यवस्थापन सम्बन्धी कार्यविधि २०७९ (पहिलो संशोधन सहित) ले तोकेका आधारहरु, विद्यालयमा नियमित रुपमा अध्ययनरत विद्यार्थी संख्या, विद्यालयहरु बीचको दुरी, विद्यालयमा भएको स्वीकृत शिक्षक दरबन्दीको संख्या तथा अवस्था, संघीय सरकारवाट अनुदान थप नभएको साथै गाउँपालिकावाट समेत आवश्यकतानुसार दरवन्दी प्रदान गर्न नसकिने अवस्था भएको परिवर्तित विद्यमान परिस्थिति एवम् विद्यालयको शैक्षिक गुणस्तर कायम गर्ने र Big School को अवधारणा समेतलाई क्रमश: कार्यान्वयन गर्नुपर्ने भएकोले यस गाउँपालिका अन्तर्गतका

तपशिल बमोजिमका विद्यालयलाई तपशिल बमोजिम समायोजन,मर्ज, तह घटुवा, कक्षा घटुवा तथा विद्यालयको शाखा विस्तार गर्नका लागि गाउँ कार्यपालिकामा सिफारीस गर्ने निर्णय गरियो।

तपशिल :

१. श्री शीतल मा. वि. पक्रैया- कक्षा ११-१२ बाट कक्षा १०
२. श्री भेरी दोभान मा. वि. चाइनाबगर –कक्षा ९ – १२ बाट कक्षा ८
३. श्री मालिका पहाड आवि बसनडाडा - कक्षा १-३ बाट प्रारम्भिक बालविकास केन्द्र मात्र
४. श्री बालज्योति मा. वि. गिठाकोट- कक्षा ११-१२ बाट कक्षा १०
५. श्री दीपज्योति आ.वि. चौखे –कक्षा १-५ बाट कक्षा १-३
६. श्री सुर्योदय मा. वि. बेल्टापू- कक्षा ११-१२ बाट कक्षा १०
७. श्री बालकल्याण आ. वि. शिलटाकुरी –१-३ बाट प्रारम्भिक बालविकास केन्द्र मात्र
८. श्री जनज्योति मा. वि. मेलचौर –कक्षा ११-१२ बाट कक्षा १०
९. श्री अमरज्योति आ. वि. सल्लीचौर –कक्षा १-५ बाट कक्षा १-३
१०. श्री चन्द्रोदय आ. वि. सहरे- कक्षा १-५ बाट कक्षा १-३
११. श्री बालकल्याण आ. वि. पाखेरोल –श्री कालिका आविको शाखा विस्तार
१२. श्री जनसहयोग आवि माथिल्लो आमडाँडा कक्षा १-५ बाट कक्षा १-३
१३. श्री जनप्रिय मा. वि. हाँसिबाङ्ग- कक्षा ९-१० बाट कक्षा ८
१४. श्री सरस्वती मा. वि. चिन्तु –कक्षा ९-१० बाट कक्षा ८
१५. श्री शिव मा. वि. काफलबोट –कक्षा ९-१० बाट कक्षा ८
१६. श्री ज्ञानज्योती आ.वि. टिमुरबोट- कक्षा १-३ बाट प्रारम्भिक बालविकास केन्द्र मात्र

<table>
<tr>
<td></td>
<td>साथै एक वडा एक मा.वि. को अवधारणा लाई कार्यान्वयन गर्नको लागि वडा नं. ५ मा दुई वटा मा.वि वडाको पायक ठाउँमा नरहेकोले अर्को शैक्षिक सत्रमा दुबैलाई समायाजेन गरी एउटै वनाउने र हाललाई दुबै विद्यालयमा कक्षा ९-१० सञ्चालन गर्ने। कक्षा ९-१० सञ्चालन भई कक्षा ८ मा समायोजन भएको विद्यालयमा शैक्षिक सत्र २०८१ मा कक्षा १० लाई निरन्तरता नदिने र कक्षा ९ मा नयाँ भर्ना पनि नगर्ने।साथै कक्षा ११-१२ सञ्चालन भई कक्षा १० मा समायोजन भएका विद्यालयमा कक्षा १२ लाई शैक्षिक सत्र २०८१ निरन्तरता दिने र कक्षा ११ मा नयाँ भर्ना नगर्ने।प्राविधिक विषयको पठनपाठन हुने विद्यालयमा हालको कक्षा १० र १२ लाई निरन्तरता दिने र कक्षा ९ र कक्षा ११ मा नयाँ भर्ना नगर्ने।<br><br>निर्णय नं. ९: मर्ज तथा समायोजन भएका विद्यालयका शिक्षकहरुलाई गाउँपालिकाको पुल दरबन्दीमा राखी अर्को शिक्षा समितिको बैठकबाट आवश्यक निर्णय गर्ने।</td>
<td></td>
</tr>
<tr>
<td>४</td>
<td>आव २०८०।८१ नीति तथा कार्यक्रम एंव बजेट निर्माणको कार्यतालिका तपशिल बमोजिम गर्ने ।
<table>
<tr><th>क्र स</th><th>बजेट निर्माण सम्बन्धी क्रियाकलाप</th><th>समयसीमा</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>शाखा प्रमुख र वडा सचिवहरुको बैठक</td><td>२०८१।०१।२० भित्र</td><td>-आगामी आर्थिक बर्षको लागि शाखा र वडा कार्यालयहरुले आवश्यकता र प्राथमिकताको आधारमा बजेट तर्जुमा सम्बन्धी छलफल गर्ने ।</td></tr>
<tr><td>२</td><td>राजश्व परामर्श समितिको बैठक<br>उपाध्यक्ष</td><td>२०८१।०१। ३१ भित्र</td><td>-राजश्वको श्रोत, दायरा र दर समेतको विश्लेषण गरी आगामी आर्थिक बर्षमा प्राप्त हुन सक्ने राजश्वको अनुमान गर्ने ।</td></tr>
</table>
</td>
<td>सम्पुर्ण शाखा प्रमुखहरु तथा कार्यपालिका सदस्यहरु</td>
</tr>
</table>

| | | | | | |
|---|---|---|---|---|---|
| | ३ | स्रोत अनुमान तथा<br>बजेट सीमा<br>निर्धारण समितिको<br>बैठक<br>अध्यक्ष | २०८१।०२।०५<br>भित्र | -आगामी  आर्थिक बर्षको लागि स्रोत अनुमानको आधारमा बजेटको<br>कुल सीमा निर्धारण गर्ने विषयगत शाखा र वडा समितिलाई बजेट सीमा<br>उपलब्ध गराइ मिति २०८१।०२।०५भित्र योजना तथा कार्यक्रम<br>उपलब्ध गर्न लगाउने । | |
| | ४ | वडा समितिको<br>बैठक<br>वडा अध्यक्षहरु | २०८१।०२।१०<br>भित्र | सानीभेरी गा.पा.को आवधिक पञ्चबर्षीय योजना मा उल्लेख गरिएका<br>वडास्तरका योजना तथा कार्यक्रमहरु उपलब्ध भएको बजेट सीमामा रही वडास्तरमा<br>सरोकारवालाहरुको समेत सुझाव लिइ वडा समितिले निर्णय गरिसक्ने । | |
| | ५ | विषयगत शाखा<br>सम्वन्धित शाखा<br>प्रमुखहरु | २०८१/०२/१३<br>भित्र | आयोजना र कार्यक्रमको प्राथामिकता निर्धारण गरिसक्ने । | |
| | ६ | विषयगत समिति | २०८१/०२/१८<br>भित्र | बिषयगत समितिमा छलफल गरिसक्ने र प्राथामिकता निर्धारण सहित<br>साङ्केतिकरण समेत गर्ने । | |
| | ७ | बजेट तथा कार्यक्रम<br>तर्जुमा समितिको<br>बैठक<br>उपाध्यक्ष | २०८१।०२।२२<br>भित्र | आगामी आर्थिक बर्षको नीति तथा कार्यक्रमको प्रस्ताव तयारी गर्न समिति गठन गरी<br>मिति २०८१।०३।०३ भित्र पेश गर्न लगाउने ।<br>संघीय शसर्त,सम्पुरक र विशेष अनुदानका साथै विषयगत शाखा र वडा<br>समितिले पेश गरेका आयोजना तथा कार्यक्रमहरुको अध्ययन गरी<br>प्राथमिकीकरण गर्ने । | |

| | | | |
|---|---|---|---|
| | | | योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिने ब्यबस्था मिलाउने ।<br>संघ सस्थाहरु संग साझेदारीमा संचालित कार्यक्रमहरुलाई एकिकृत गर्ने । |
| ८ | स्रोत अनुमान तथा सीमा निर्धारण समितिको बैठक<br>अध्यक्ष | २०८१।०३।०४ भित्र | संघ, प्रदेश को बित्तीय हस्तान्तरण र आन्तरिक स्रोतको सबै अबस्थालाई मध्यनजर गरी बजेटको कुल सीमा निर्धारण गर्ने । |
| ९ | बजेट तथा कार्यक्रम तर्जुमा समितिको बैठक<br>उपाध्यक्ष | २०८१।०३।०५ | आगामी आबको नीति तथा कार्यक्रमलाई अन्तिम रुप दिने ।संघ,<br>प्रदेशको बित्तीय हस्तान्तरणबाट प्राप्त हुने सशर्त, सम्पुरक र विशेष<br>अनुदानका आयोजना तथा कार्यक्रम र गाउँपालिकाका आयोजना तथा<br>कार्यक्रमहरु सहित अन्तिमपटक प्राथमिकीकरण गरी गाउँकार्यपालिकामा पेश गर्ने ।<br>आर्थिक विधेयकको मस्यौदा तयार पारि सक्ने<br>मध्यमकालीन खर्च संरचनाको विधेयक तयार पारिसक्ने<br>विनियोजनको विधियकको मस्यौदा तयार पारिसक्ने |
| १० | गाउँकार्यपालिकाको बैठक | २०८१।०३।०६ | कार्यपालिकाको बैठकबाट गाउँसभामा पेश गरिने नीति तथा कार्यक्रम<br>र बजेट भाषण पारित गर्ने । |

| | | | | | |
|---|---|---|---|---|---|
| | ११ | गाउँसभाको १५ औ अधिवेशन पहिलो बैठक | २०८१।०३।०७ | नीति तथा कार्यक्रम पेश, छलफल र निर्णयार्थ सभामा पेश गर्ने।<br>नीति तथा कार्यक्रम पारित भए पश्चात् बजेट सभामा पेश गरिने। | |
| | १२ | विषयगत समिति र वडा समितिहरुको बैठक | २०८१।०३।१०-२०८१।०३।२६ | सभामा पेश भएको बजेट विषयगत समिति र वडा समितिहरुमा छलफल गरी गाउँपालिकामा पेश गर्ने। | |
| | १३ | गाउँकार्यपालिकाको बैठक | २०८१।०३।२७ | विषयगत समिति र वडा समितिबाट आएका सुझावहरु समेटी आगामी आवको बजेटलाई अन्तिम रुप दिई गाउँसभाको दोस्रो बैठकमा पेश गर्ने। | |
| | १४ | १५ औं गाउँसभाको दोस्रो बैठक | २०८१।०३।२८ | आगामी आवको बजेट पारितका लागि सभामा निर्णयार्थ पेश हुने। | |
| | १५ | बजेट अख्तियारी | २०८१।०३।३१ | प्रमुख प्रशासकीय अधिकृतलाई गाउँपालिकाले अध्यक्षले आगामी आबको बजेट खर्च गर्न अख्तियारी प्रदान गर्ने।<br>विषयगत शाखा र वडा समितिलाई प्रमुख प्रशासकीय अधिकृतले २०८१।०४।१५ भित्र अख्तियार प्रदान गर्ने। | |

| | | |
|---|---|---|
| | १६ \| बजेट पुस्तिका प्रकाशन \| २०८१ साउनभित्र \| -नीति तथा कार्यक्रम, बिनियोजन बिधेयक, आर्थिक बिधेयक,बजेटका अनुसुचीहरु र अन्य बिवरण सहित बजेट पुस्तिका प्रकाशन गर्ने । | |
| ५ | गाउँपालिकाको प्रशासकीय भवनको कम्पाउन्ड वाल निर्माणको लागि जग्गा साघुरो भएकोले प्राविधिक स्टीमेटकोको आधारमा आगामी आवको बजेटबाट दायित्व भुक्तानी गर्ने गरी  वाल मेसिनरी वाल निर्माण गरी कम्पाउन्डीङ वाल निर्माण गर्न सहजीकरण गर्ने । | प्रमुख प्रशासकीय अधिकृत |
| ६ | गाउँपालिकाका ११ वटै वडामा संवत २०८१ साल जेष्ठ महिनामा सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गर्ने । | प्रमुख प्रशासकीय अधिकृत |
| ७ | भुकम्पबाट प्रभावित सानीभेरीबासीको अस्थायी आवासको दोस्रो किस्ता माग गर्नका लागि मिति २०८१ साल बैशाख ५ गतेसम्म पहिलो र दोस्रो दुबै किस्ताको लागि आवश्यक कागजात विपत पोर्टलमा ईन्ट्री गरिसक्ने ।मिति २०८१ बैशाख ६ गते स्थानीय तह विपत जोखिम न्युनिकरण तथा ब्यवस्थापन समितिको बैठक वसी दोस्रो किस्ता जिल्ला विपत ब्यवस्थापन समितिमा निकासाका लागि माग गरि पठाउने । | सम्वन्धित वडा अध्यक्ष र विपत समिति |
| ८ | सानीभेरी गाउँपालिकामा प्रहरी कार्यालयको जग्गा ब्यवस्थापन कार्यालयलाई तदारुकताका साथ अगाडी बढाउने ।उक्त जग्गा ब्यवस्थापन कार्यलाई सहजीकरण गर्न तपशिल बमोजिमको समिति गठन गर्ने ।<br><br>तपशिल | समिति |

| | | |
|---|---|---|
| | शेर बहादुर खडका संयोजक<br><br>प्रेम विक सदस्य<br><br>टेक बहादुर पुन सदस्य<br><br>कुल बहादुर बुढा सदस्य<br><br>जगदिश नकाल सदस्य<br><br>दिपक बुढाथोकी सदस्य सचिव | |
| ०९ | आव २०७४।७५ २०७५।७६ र २०७६।७७ विभिन्न योजनाको धरौटी रकम आवश्यक कानुनी प्रक्रिया पुरा गरी सदरस्याहा गर्ने। उक्त रकम सानीभेरी गाउँपालिकाको आन्तरिक राजस्व खातामा जम्मा गर्ने। | आर्थिक प्रशासन शाखा |